स्वीकृत मिति: २०८२/०७/१७

# वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड,२०८२

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश सरकारबाट कृषि क्षेत्रको विकास तथा उत्पादकत्व बृद्धि मार्फत सुदुरपश्चिम प्रदेशका बासिन्दाको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा १२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड ,२०८२" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन"भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन,२०७६ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले सुदूरपश्चिम प्रदेशको मन्त्रालय र मातहतका कार्यालय सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ ।

(घ) "कृषि व्यवसाय" भन्नाले कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन तथा पालन सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

## १६. उत्पादित कृषि वस्तु ढुवानी तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स

**(१) परिचय:** किसानले उत्पादन गर्ने तरकारी, फलफूल, दुग्ध जन्य, मासु जन्य, जिउँदो माछा जन्य तथा अन्य नाशवान् कृषि उपजहरूको प्रशोधन स्थल, बजार तथा उपभोक्तासम्म पुर्याउन, प्रशोधन स्थलमा उत्पादित कृषि वस्तु उपभोक्तासम्म ढुवानी गर्न, मौरी गोला स्थानान्तरण गर्न र बजारीकरणका लागि ढुवानी समस्या समाधान गर्नुका साथै उत्पादन लागत र नोक्सानी घटाउन उपयुक्त प्रविधि वा सुविधा सहितको कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२)उद्देश्य:**

(क) कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरुको बजारीकरणमा सहयोग पुर्याउनु।

(ख) स्थानीय तथा शहरी क्षेत्रको कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तुको माग पूर्ती गर्न सहयोग पुर्याउनु।

**(३)लक्षित समुह:** स्थानीय तह, प्रचलित कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषि फर्म, कृषि तथा पशुपन्छी सम्बन्धी सहकारी वा कम्पनी, कृषि सम्बन्धी कारोबार गर्ने कोशेली घर वा हाट/थोक बजार सञ्चालक

**(४)प्रमुख क्रियाकलापहरु:** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिम कार्य गरिनेछ :

(क) कृषि एम्बुलेन्स प्रयोजनका लागि Single Cab Pick up गाडी साधन खरीदमा अनुदान ।

(ख) एम्बुलेन्समा आवश्यकता अनुसार उपयुक्त प्रविधि (चिस्यान) वा सुविधा जडान ।

**(५)अनुदान प्रतिशत र अधिकतम सीमा:** कृषि एम्बुलेन्स खरिदका लागि बढीमा पचास प्रतिशतसम्म अनुदान दिइनेछ

**(६)अनुदानग्राही छनौट मापदण्ड:**

(क) कृषि उपजहरुको ढुवानी गर्न चार पाङ्ग्रे Single cab Pickup ढुवानी साधन खरिद गर्न सिजनल ८० क्वीन्टल कृषि उपजको करोबार गरेको हुनु पर्नेछ ।

(ख) दुध तथा दुग्धजन्य पदार्थको सुरक्षित ढुवानीका लागि रेफ्रिजरेटर जडान गरेको सवारी साधन खरिद गर्न दैनिक दुई हजार लिटर दुध संकलन वा दुध तथा दुग्धजन्य पदार्थहरुको बिक्री बितरण गरेको हुनु पर्नेछ ।

(ग) मासु तथा मासुजन्य पदार्थ ढुवानी (रेफ्रिजेरेटर जडान सवारी साधन) का लागि हप्तामा न्यूनतम २० क्वीन्टल मासु वा मासुजन्य पदार्थहरु कारोबार गरेको हुनु पर्नेछ ।

(घ) जिउँदो माछा ढुवानीका लागि अक्सिजिनेटेड कन्टेनरयुक्त सवारी साधनका लागि हप्तामा न्यूनतम १० क्वीन्टल मत्स्यको कारोबार गरेको हुनु पर्नेछ ।

**(७)अनुदानग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

(क) दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि

(ख) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि/म्याद थप प्रमाण-पत्र प्रतिलिपि

(ग) स्थायी लेखा नम्बर प्रमाण-पत्र प्रतिलिपि

(घ) सहकारी वा सञ्चालक समितिको हकमा निर्णय प्रतिलिपि

(ङ) लागत साझेदारी गरिने रकमको सुनिश्चितता सम्बन्धी बैंकको Line of Credit (LoC) वा अन्य कागजात

(च) ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सिफारिस

(छ) कृषि एम्बुलेन्स सञ्चालन प्रतिवद्धता तथा कृषि उपज उपलब्ध गराउने सहमति पत्र

(ज) मापदण्ड अनुसार खेती गरेको वा पशुपन्छी वा माछा पालन गरेको प्रमाण वा सम्बन्धित स्थानीय तह/वडाको सिफारिस

(झ) कृषि/पशुपन्छी/मत्स्य उपज संकलन तथा ढुवानी सम्बन्धी कार्य योजना

**(८) छनौटका लागि प्राथमिकता:** कृषि एम्बुलेन्स खरीद तथा सञ्चालनको लागि प्राथमिकता देहाय अनुसार रहेका छन्:

(क) स्थानीय तह

(ख) कृषि सहकारी

(ग) कृषि कम्पनी/उद्यमी/फर्म/कृषि सम्बन्धी कारोबार गर्ने कोशेली घर वा हाट/थोक बजार सञ्चालक

**(९) कार्यालयको जिम्मेवारी :**

(क) कृषि एम्बुलेन्स खरिदका लागि प्राप्त आवेदनहरुको कागजात अध्ययन गरी प्रारम्भिक जाँच गर्ने,

(ख) प्रारम्भिक जाँचमा योग्य भएका आवेदनहरुको फिल्ड भेरिफिकेशन गरी अनुदानग्राहीहरुको अन्तिम छनौट गर्ने,

(ग) कृषि एम्बुलेन्सको प्राविधिक स्पेसिफिकेशन तयार, विद्युतीय बोलपत्र आह्वान, मुल्याङ्कन गर्ने,

(घ) अनुदानग्राहीबाट खरिद गरिएका कृषि एम्बुलेन्सको प्राविधिक जाँच तथा हस्तान्तरण गर्ने,

(ङ) कृषि एम्बुलेन्स सञ्चालन सुनिश्चितताका लागि पाँच प्रतिशत धरौटी सम्झौताका बेला जम्मा गर्न लगाउने तथा फुकुवा सम्बन्धी कार्य गर्ने,

(च) कृषि एम्बुलेन्स तोकिएको कृषि जन्य कार्यमा प्रयोग भए नभएको र सञ्चालन अवस्थाबारे अनुगमन निरिक्षण गर्ने ।

**(१०) अनुदानग्राहीको जिम्मेवारी:**

(क) कृषि एम्बुलेन्स खरिद कार्यका लागि छनौट भइसकेपछि आफूले बेहोर्नु पर्ने रकम नियमानुसार जम्मा गर्ने,

(ख) कृषि एम्बुलेन्सको हस्तान्तरण पछि नियमित रुपमा सञ्चालन तथा दिगो उपयोग, संरक्षण, मर्मत सम्भार र सम्वर्द्धन गर्ने,

(ग) ढुवानी साधन खरीद पश्चातका कार्यहरु (दर्ता, नामसारी, नविकरण, बिमा, सवारी चालकको व्यवस्थापन, कार्यालयको स्वीकृति अनुसार उपयुक्त प्रविधि वा सुविधा जडान) गर्ने,

(घ) कोष खडा गर्ने, आम्दानी र ढुवानी सम्बन्धी अभिलेख राख्ने र सोको त्रैमासिक तथा वार्षिक प्रगति कार्यालय र सम्बन्धित स्थानीय तहमा जानकारी गराउने,

(ङ) स्थानीय तह, जिल्लास्थित कृषि/पशुपन्छी क्षेत्र हेर्ने कार्यालयसँग समन्वय गरी भाडादर निर्धारण गर्ने ।

**(११) कृषि एम्बुलेन्स सेवा सञ्चालन:** स्थानीय तहले कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि आफै बनाउनु पर्नेछ । कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्दा निम्न कुराको पालन गर्नु पर्नेछ:-

(क) स्थानीय तह/सहकारी/फर्म/कम्पनी/सञ्चालकले जिल्ला दररेट, स्थानीय दररेट तथा बजारको प्रचलित दररेटका आधारमा भाडादर निर्धारण वा परिवर्तन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित स्थानीय तह र जिल्लास्थित कृषि, पशु सम्बन्धी कार्य हेर्ने कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

**दुरिका आधारमा भाडादर**

| क्र.सं. | देखि | सम्म | जम्मा किलोमिटर | प्रति कि.मि. सदस्यका लागि भाडादर रु. | प्रति कि.मि. गैर सदस्यका लागि भाडादर रु. |
|---|---|---|---|---|---|
| | | | | | |

**तौलका आधारमा भाडादर**

| क्र.सं. | देखि | सम्म | जम्मा तौल (के.जी.) | प्रति के.जी. सदस्यका लागि भाडादर रु. | प्रति के.जी. गैर सदस्यका लागि भाडादर रु. |
|---|---|---|---|---|---|
| | | | | | |

(ख) कृषि एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले तोके अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(ग) कृषि एम्बुलेन्स सञ्चालन बाफत कुल आम्दानीको २०% ले हुन आउने रकम मासिक रुपमा छुट्टै कोष खडा गरी बचत गर्नु पर्नेछ ।

(घ) स्थानीय तहको हकमा नगदी रसिदको अभिलेख नियन्त्रण खाता, लगबुक कृषि/पशु शाखामा राखिनेछ । सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालक र कृषि/पशु शाखा प्रमुखको हुनेछ ।

(ङ) कृषि एम्बुलेन्स सेवा बापत उठेको रकम स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसारको कार्यमा मात्र खर्च गर्न पाइनेछ ।

(च) कृषि एम्बुलेन्स सेवा बापत उठेको रकमबाट सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको नियमित मर्मत सम्भार र कृषि एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरीदमा खर्च गरिनेछ ।

(छ) कृषि एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले तोकेको पदाधिकारी र चालकको हुनेछ।

(ज) कृषि एम्बुलेन्स सेवा कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी कार्यमा प्रयोग गर्नु पर्नेछ र ढुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका कृषकका कृषि वस्तु ढुवानी गर्न र नाशवान वस्तुको प्रकृतिका आधारमा प्राथमिकरण गर्नु पर्नेछ ।

(झ) कृषि एम्बुलेन्स कम्तिमा १० वर्ष अवधिसम्म स्वामित्व हस्तान्तरण गर्न नपाइने र उक्त अवधि पश्चात स्वामित्व हस्तान्तरण गर्नुपर्ने परिस्थितिमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ञ) अनुदानग्राही स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले ढुवानी साधन प्रयोग सम्बन्धी अभिलेख नियमित रुपमा तयार गर्नु पर्नेछ ।